सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ८ ♦ अंक २६७ ♦ २०८२ साल वैशाख २९ गते सोमवार ♦ 12 May 2025 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

# सङ्क्रमणकालीन न्यायको प्रक्रियामा महिलाका पीडा प्राथमिकतामा नपरेको गुनासो

**लक्ष्मी चौधरी**

**वैशाख २८ गते, जनकपुरधाम**




नेपालमा २०६३ सालमा विस्तृत शान्ति सम्झौता भएपछि शान्ति प्रक्रियाले नयाँ चरणमा प्रवेश गरेको थियो । सम्झौताको १८ वर्ष बितिसक्दा पनि द्वन्द्वकालमा महिलामाथि भएका हिंसा, बलात्कार, जबरजस्ती विवाह, बेपत्ता पारिएका परिवारका पीडित तथा अन्य पीडित महिलाका मुद्दा अझै पूर्णरूपमा सम्बोधन हुन सकेको छैन । सङ्क्रमणकालीन न्यायको प्रक्रियामा महिलाका पीडा प्राथमिकतामा नपरेको गुनासो गर्ने गरेको छ ।

मधेश प्रदेशको एक सहरी क्षेत्रमा भाडाको घरमा बस्दै आएकी ४२ वर्षीय पीडित महिला द्वन्द्वकालको पीडाबाट बाहिर आउन सक्नुभएको छैन । श्रीमान्लाई कुटपिट, तीन बर्से छोराको चोट, ससुराको हत्या जस्ता घटनाले उहाँको जीवनमा गहिरो असर छोडेको छ ।

उहाँले भन्नुभयो, "श्रीमानलाई कुटपिट गरेर घाइते बनाइयो । उहाँको उपचार अहिलेसम्म गरि रहनुपर्छ । छोरालाई लागेको चोटको उपचार गर्दा पनि धेरै खर्च लाग्यो । म आफैंमाथि भएको यातना त भन्नै सक्दिनँ ।" सरकारले न त पीडा सम्बोधन गऱ्यो न त राहत नै सहज बनायो । स्थानीय तहमा द्वन्द्वपीडित महिला हुँ भनेर पटक पटक जागिरका लागि याचना गर्दा पनि बेवास्ता भएको उहाँको गुनासो छ ।

निजी विद्यालयमा पढाएर परिवार चलाइरहेकी उहाँ भन्नुहुन्छ, "त्यो कमाइले गुजारा गर्न कठिन छ । ससुराको हत्या र बाँकी सबै त्यो बेलाको चोटको असरले अहिले पनि सताइरहेको छ । आर्थिक र सामाजिक समस्याको त झन् कुरै नगरौं ।"

सप्तरीको बलानबिहुल गाउँपालिका बेल्हीकी ओमकला साह श्रीमान् जितेन्द्र साहको २०६० मङ्सिर १६ गते हत्या भएपछि आफ्नो जीवनको सम्पूर्ण रूप बदलिएको बताउनुहुन्छ । जितेन्द्र सुराकीको आरोपमा माओवादीबाट मारिनुभएको थियो । ओमकला सम्झनुहुन्छ, "लहानबाट गाउँ फर्कंदै गर्दा बाटोमै अपरिचित व्यक्तिले म पनि उही गाउँ जाने हो भन्दै पछ्याए र अपहरण गरी लगे अनि अर्को दिन तीन गोली लागेको अवस्थामा भेट्यौं ।" श्रीमानको मृत्युपछि दुई छोराको जिम्मेवारी आयो ।

लहानको एक कपडा पसलमा काम गर्दै जीवन धान्ने सङ्घर्ष सुरु गर्नुभयो । उहाँ भन्नुहुन्छ, "त्यसपछि काममा जाँदा समाजले कुरा काट्न थाल्यो, हेर्ने नजर फेरियो तर बालबच्चाको मुख हेरेर अडिइरहे ।"

पछि पछि उहाँले सिलाइकटाइको तालिम लिई कपडा सिउने काम गर्न थाल्नुभयो तर सिलाइ मेसिन राख्न ठाउँ नै पाउन सक्नुभएन । द्वन्द्वपीडितका लागि सरकारले घोषणा गरेको १० लाख रुपियाँ किस्तामा दिँदा दैनिक खर्चमै सकियो । उहाँ भन्नुहुन्छ, "श्रीमान् बितेको २२ वर्ष हुन लाग्यो, डेढ लाख पाउनै बाँकी छ । एकैचोटि दिएको भए केही व्यवसाय गर्न हुन्थ्यो ।" उहाँको दुःख त्यति मात्र होइन, मृतकलाई सहिद घोषणा गर्ने कुरा उठ्यो, कार्यान्वयन भएको छैन । हामी पीडितलाई दिने भनेको परिचयपत्र वितरण पनि रोकिएको छ । उहाँले भन्नुभयो, "भएको सिपमा सहयोग मिलेन । भैंसी पाल्नेलाई लुगा सिउने मेसिन दिइयो, चलाउन नजानेर मेसिन थन्किएर बस्यो ।" आफ्नो श्रीमान् किन मारिए भन्नेसमेत कसैले अहिलेसम्म नभनेको ओमकलाको भनाइ छ ।

धनुषाको सहिदनगर नगरपालिका-७, यदुकुहाकी सीतादेवी मुखियाको जीवन १८/१९ वर्षअघि एकाएक बदलियो, जब माओवादीमा संलग्न भएको भन्दै उहाँका श्रीमान् शिवजी मुखियालाई जबरजस्ती समातेर खजुरी थानामा लग्यो । त्यही दिनदेखि बेपत्ता हुनुहुन्छ । श्रीमान् बेपत्ता हुँदा पाँच वर्षीय जेठो छोरा, काखे छोरा र छोरी थिए । अहिले कान्छो छोरा भारतको अहमदाबादमा मजदुरी गर्छन् । जेठो छोरा अशक्त अवस्थामा घरमा छन् । सीतादेवीको त नाम पीडितको सूचीमै छैन । राहत पाउने त परको कुरा ।

बेपत्ता शिवजीका दाजु रामअशिष मुखियाले भन्नुभयो, "मेरो भाइ शिवजीलाई किन कहाँ लगेर गए भन्ने कुरा अहिलेसम्म पत्तो लगाउन सकेका छैनौं । प्रहरी र अधिकारकर्मीसमक्ष गए पनि अहिलेसम्म भाइबारे केही पत्ता लागेको छैन ।" सीतादेवी भन्नुहुन्छ, "दुःख त भोग्यौं, अब न्याय त मिलोस् ।"

स्थानीय शान्ति समितिका सदस्य तथा नेपाल पत्रकार महासङ्घ सप्तरीका तत्कालीन अध्यक्ष धीरेन्द्रप्रसाद साहका अनुसार शान्ति सम्झौतापछि आएको परिवर्तनले पूर्णरूपमा पीडितको पीडामा मल्हम लगाउन नसकेको औंल्याउनुभयो । उहाँले भन्नुभयो, "अझै पनि धेरै पीडितले राज्य पक्षबाट केही पाएका छैनन् । पीडितका लागि सरकारले ल्याएका योजनामा पहुँचवालाको हालीमुहाली छ । कैयौं पीडित परिवार पीडामा जीवन बिताइरहेका छन् ।"

## चार हजारभन्दा बढी उजुरी


सत्य निरूपण तथा मेलमिलाप आयोगले सार्वजनिक गरेको आर्थिक वर्ष २०८०/८१ को प्रतिवेदन अनुसार मधेश प्रदेशमा द्वन्द्वसम्बन्धी उजुरी दिनेको सङ्ख्या चार हजार २६४ रहेको छ । तीमध्ये एक हजार ३५६ वटा उजुरी आयोगको मुकाम पठाइएको छ । प्रारम्भिक छानबिन सम्पन्न भएका उजुरीको सङ्ख्या ५०४ रहेको उल्लेख गरिएको छ । आयोगले मधेश प्रदेशका ७९ जना द्वन्द्वपीडितलाई पीडित परिचयपत्र वितरण गरिसकेको छ । यद्यपि १५७ वटा उजुरी हाल तामेलीमा राखिएका छन् । क्षतिपूर्ति, सुविधा वा सहुलियतका लागि आयोगले थप ६८ जनाको उजुरी मन्त्रीपरिषद्समक्ष सिफारिसस्वरूप पठाएको

बाँकी पृष्ठ २ मा

शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

✓ पत्रिका
✓ क्यालेण्डर
✓ रजिष्टर, डाइरी
✓ किताब
✓ परीक्षा कपी
✓ पर्चा पम्पलेट
✓ बिल, भाउचर,



✓ स्क्रिन प्रिन्ट
✓ विवाह कार्ड
✓ प्रमाण पत्र
✓ भिजिटिङ्ग कार्ड
✓ झोला प्रिन्ट
✓ रबर स्टाम्प




✓ फ्लेक्स प्रिन्ट
✓ ब्यानर प्रिन्ट
✓ होर्डिङ्ग बोर्ड
✓ स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बरः ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# जसपा नेपालमा एकै दिन दुई अध्यक्ष चयन : महिला अध्यक्षमा निर्मला, धनुषा अध्यक्षमा पशुपति

**खबर दर्पण समाचारदाता**
**वैशाख २८ गते, जनकपुरधाम**

जनता समाजवादी पार्टी ( जसपा) नेपालको भातृ संगठन समाजवादी महिला संघ नेपालको प्रथम महाधिवेशनबाट पहिलो अध्यक्षमा निर्मला यादव सर्वसम्मत भएकी छन् । यादव तदर्थ समितिको पनि अध्यक्ष थिइन् ।

जनकपुरधाममा आइतबार चुनावको तयारी भएको र अन्य उम्मेदवारी समेत परेको थियो । तर मतदान प्रक्रियामा नगइ सोझै अध्यक्षमा यादवलाई घोषणा गरिएको बताइएको छ । उनी जसपा नेपालकी कार्यकारिणी समिति सदस्य पनि छिन् । सर्वसम्मतबाट अध्यक्षमा यादवको नाम घोषणा गरिएपछि कार्यक्रम स्थलमा निकै बेर हो-हल्ला पनि भएको थियो । असन्तुष्ट पक्षले मतदान प्रक्रियाबाट नै अध्यक्ष चुनिनु पर्ने अडान लिएका थिए ।

यादव पक्षधरहरुले सबै पदमा सर्वसम्मतिबाट चयन भएको बताइए पनि अबेर रातिसम्म केन्द्रीय समितिको नाम सार्वजनिक भएको छैन । अधिवेशनमा सहभागी प्रतिनिधिहरुले गैरलोकतान्त्रिक प्रक्रियाबाट अध्यक्ष चयन भएको आरोप लगाएका छन् । जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले शनिबार समाजवादी महिला संघको पहिलो राष्ट्रिय महाधिवेशनको उद्घाटन गरेका थिए ।

बन्द सत्र सम्पन्न भएपछि आइतबार उम्मेदवारी दर्ता गरि एको थियो । तर मतदान प्रक्रिया अगावै अध्यक्षमा यादव निर्वाचित भएको बताइए पनि अन्य पदाधिकारीहरु बारे घोषणा नहुँदा संघमा विवाद उत्पन्न भएको छ । उच्च स्रोतका अनुसार राष्ट्रिय अध्यक्ष उपेन्द्र यादवको चाहना अनुसार नै निर्मला यादवको नाम अध्यक्षमा घोषणा गरिएको छ । यादवलाई सप्तरी जिल्लाकी किरण साहले अध्यक्षमा चुनौती दिएकी थिइन् । तर मतदान नभइकनै यादवलाई निर्वाचित घोषणा गरि एको आरोप लगाइएको छ ।

साहले अध्यक्ष पदका लागि सामाजिक सञ्जालमा फोटो पोस्ट गर्दै मत मागेकी थिइन् । उनले आफ् ना समर्थक र प्रस्तावकको नाम समेत सार्वजनिक गरेकी थिइन् । तर उनले प्रतिस्पर्धा समेत गर्न पाइनन् । त्यसैगरि अध्यक्ष पदको अर्की उम्मेदवार पुनम यादव पनि निराश भएकी छन् । यादव पनि चुनावी प्रचारमा जुटेकी थिइन् । महिला नेतृहरुका अनुसार यादव समाजवादी महिला संघकी संस्थापक र पार्टीमा समेत प्रभावशाली भूमिकामा रहेकीले अब उनी नै सर्वसम्मत अध्यक्ष भएकी छन् ।

मतदानका लागि विवाद चर्किएको थियो । कुर्सी समेत फालिएको एकजना सहभागीले बताइन् । तर माथिको लाइन नै यादव तर्फ रहेकाले सोझै उनलाई अध्यक्ष घोषणा गरिएको उनीहरुले आरोप लगाएका छन् । सर्वसम्मत रुपमा अध्यक्ष चयन भएको सन्देश महाधिवेशनले दिन नसकेको आरोप लगाउँदै उनीहरुले भनिन्, 'सबैलाई विश्वासमा लिएर नेतृत्व घोषणा गरेको भए राम्रो हुने थियो ।'





यसैबीच धनुषाको अध्यक्षमा पशुपति यादव पुनः दोहरिएका छन् । शनिबारदेखि सुरु भएको प्रथम जिल्ला अधिवेशनबाट नयाँ नेतृत्वको लागि आइतवार सम्पन्न मतदान प्रक्रियाबाट पशुपति यादव जिल्ला अध्यक्षमा दोहरिएका छन् ।

सत्रुधन यादव र पशुपति यादवबीच चलेको कडा टक्कर पछि पनि पशुपति यादव ४ मतान्तरले विजयी भएका हुन् । पशुपति यादवले १६८ मत प्राप्त गर्दा उनका निकटतम प्रतिद्वन्दी शत्रुधन यादवले १६४ मत प्राप्त गरेका छन ।

त्यसै गरि दुई जना उपाध्यक्षमा शहिनगर नगरपालिकाका मेयर दिनेश प्रसाद यादव विजयी भएका छन् । अर्का उपाध्यक्षमा ललित मण्डल विजयी भएका छन । उनिहरु क्रमशः १८० र १५० मत प्राप्त गर्दा उनका निकटतम प्रतिद्वन्दी राम शंकर पासवानले १२४ र अब्दुल मनाङ्गले ७७ मत प्राप्त गरेका छन ।

त्यसै गरि सचिवमा रामनारायण कापडी विजयी भएका छन । उनले ९७ मत प्राप्त गर्दा उनका निकटतम प्रतिद्वन्दी उमेश महतोले ७० मत प्राप्त गरेका छन ।

त्यसै गरि उपसचिवमा राम विहारी यादव १६० र शशिचन्द्र यादव १५७ मत प्राप्त गरि विजयी भएका छन भने उनका निकटतम प्रतिद्वन्दी दिनेश महतो ९५ र बेचन महतो ९५ मत प्राप्त गरेको निर्वाचनत समितिले जनाएको छ । त्यसैगरि कोषाध्यक्ष पदमा सुजिता यादव १५७ मत प्राप्त गरि विजयी भएका छन उनका निकटमत प्रतिद्वन्दी अशोक कुमार यादवले १४४ मत प्राप्त गरेका छन ।

यता मुस्लिम सदस्यमा रहमत राइन १८६, आमिन खान १७७ र नइम शेष ११९ मत प्राप्त गरि विजयी भएका छन महिला र जनजाति सदस्य यस अघिनै निर्विरोध निर्वाचित भइ सकेका छन भने खुल्ला सदस्यको मतगणना जारी रहेको निर्वाचन समितिले जनाएको छ ।

# सङ्क्रमणकालीन न्यायको प्रक्रियामा महिलाका .......

प्रतिवेदनमा उल्लेख गरिएको छ ।

नेपाल सरकार गृह मन्त्रालयले बलात्कारमा परेका महिलाको पीडा सम्बोधन गर्न 'महिला, शान्ति र सुरक्षासम्बन्धी संयुक्त राष्ट्रसङ्घ, सुरक्षा परिषद् प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयनसम्बन्धी दोस्रो राष्ट्रिय कार्ययोजना' ल्यायो । उक्त कार्ययोजना अनुसार मधेश प्रदेश सरकारले २०८१ असोज १३ गते प्रदेश निर्देशक समिति गठन गर ेको थियो । समितिले कार्ययोजनामा भनिए अनुसार द्वन्द्व र त्यसपछिका समयमा महिला र बालिकामाथि परेका असर र प्रभावलाई सम्बोधन गर्न, उनीहरूको समष्टिगत आवश्यकता पहिचान' गर्न काम गर्नुपर्ने हो तर समितिले पूर्णता पाएको छैन । प्रदेशका आठ वटै जिल्लामा गठन हुनुपर्ने जिल्ला निर्देशक समिति गठन भए पनि काम सुस्त गतिमा छ । कार्ययोजनाको अवधि २०८२ साल असोजमा सकिन्छ । द्वन्द्वपीडित महिला राष्ट्रिय सञ्जालकी मधेश प्रदेश संयोजक फूलकुमारी महतो शान्ति सम्झौता भएको १९ वर्षपछि पनि पीडितले पूर्ण न्याय नपाएको बताउनुहुन्छ ।

### कार्यक्रमको बजेट फ्रिज

यता मधेश प्रदेश सरकारले विभिन्न आन्दोलनका लागि भनेर गत वर्ष छुट्याएको बजेट फ्रिज भएको र चालु आर्थिक वर्ष पनि महिलालक्षित कुनै योजना नभएको प्रदेशको गृह, सञ्चार तथा कानुन मन्त्रालयका शाखा अधिकृत टेकविक्रम शाहले जानकारी दिनुभयो । सरकारले सञ्चालन गरेको सिपमूलक तालिम, रोजगार तथा आर्थिक सहयोगका कार्यक्रम प्रभावकारी बन्न सकेका छैनन् । मधेश प्रदेश सरकारले चालु आव २०८१/८२ मा द्वन्द्व र आन्दोलन पीडितका लागि दुई करोड २० लाख रुपियाँको कार्यक्रम समावेश गरे पनि स्वास्थ्य बिमाबाहेक अन्य कार्यक्रम सञ्चालन हुन सकेको छैन । यसअघि प्रदेशको पहिलो कार्यकालको अन्त्यतिर माओवादीका तर्फबाट मन्त्री हुनुभएका गृह तथा सञ्चारमन्त्री भरतप्रसाद साहको कार्यकालमा प्रदेशका द्वन्द्वपीडितलाई राहतस्वरूप एक र दुई लाख रुपियाँ वितरण गरेको थियो ।

## ☎☎ आवश्यक टेलिफोन नम्बरहरु ☎☎

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

| | |
|---|---|
| एम्बुलेन्स (सोसल वेलफेयर & रिसर्च सेन्टर) | ४१-५४०२३२ |
| महेन्द्रनगर,धनुषा | ९८४४०२४४५०/ ९८०४८२५८६० |
| एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाझिज) | ०४१-६२०४९१ ९८०४८१५१२६ |
| इलाका प्रहरी कार्यालय महेन्द्रनगर | ५४०१९९ |
| विद्युत प्राधिकरण महेन्द्रनगर | ५४०१६१ |

# बुद्ध जयन्ती मनाइँदै, आज सार्वजनिक बिदा

**खबर दर्पण समाचारदाता**
**वैशाख २८ गते, बर्दिवास**

शान्तिका अग्रदूतका रूपमा विश्वमा परिचित सिद्धार्थ गौतमको २५६९औँ जयन्ती सोमवार मनाइँदैछ। भगवान् विष्णुको नवौँ अवतारका रूपमा बुद्धलाई पुजिन्छ । सोमवार सरकारले सार्वजनिक बिदा पनि दिएको छ। प्रत्येक वर्ष वैशाख शुक्ल पूर्णिमाका दिन बुद्धजयन्ती मनाइन्छ। सिद्धार्थ गौतमले विश्व शान्ति स्थापनाका लागि पुर्‍याएको योगदानको स्मरणस्वरूप यो पर्व मनाउने गरिएको हो।

बुद्धको जन्म, ज्ञान प्राप्ति, महापरिनिर्वाण (मुत्यु) वैशाख शुक्ल पूर्णिमाकै तिथिमा परेकाले यस दिन नेपाललगायत विश्वका बौद्ध धर्मावलम्बीले बुद्धप्रति भावपूर्ण श्रद्धा र भक्तिले बुद्धजयन्ती मनाउने गर्दछन् ।

बौद्ध धर्मावलम्बीले चैत्य, गुम्बा, विहारलगायत स्थलमा लामा एवं बौद्ध धर्मगुरु बसेर परम्परादेखि हुँदै आएको पूजालगायत विधि पूरा गरिन्छ ।



आम मानिसलाई बेलुकी घरमा दीपावली गरेर बुद्ध जयन्ती मनाउन सरकारले आह्वान गरेको छ ।यस अवसरमा लुम्बिनी, स्वयम्भू, बौद्धलगायत स्थलमा विविध कार्यक्रम आयोजना गरिन्छ ।

# देशभरको तापक्रम बढ्दो !

**खबर दर्पण समाचारदाता**
**वैशाख २८ गते, बर्दिवास**

केही दिनयता निरन्तर घाम लागेका कारण काठमाण्डौ उपत्यकासहित देशभरको तापक्रम बढेको छ ।


आज काठमाण्डौको अधिकतम तापक्रम ३०-३२ डिग्री सेल्सियस पुग्ने जल तथा मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

हिजो पनि काठमाण्डौको तापक्रम ३२ डिग्री सेल्सियस पुगेको थियो । हिजो सबैभन्दा धेरै भैरहवाको तापक्रम ४० डिग्री पुगेको छ । यस्तै सिमरा र जनकपुरको ३९, विराटनगर र धरानको ३७ डिग्री सेल्सियस पुगेको छ ।

प्रि-मनसुनको अवस्था रहेको र दुई तीन दिनयता पर्याप्त वर्षा नभएका कारण काठमाण्डौ उपत्यकासहित देशका विभिन्न भेगमा तापक्रम बढेको मौसमविद् प्रतिभा मानन्धरले बताउनुभयो ।

उहाँका अनुसार अहिलेको तापक्रम वृद्धि मनसुन शुरू हुनुपूर्वको गतिविधि हो। यसलाई प्रि-मनसुनी गतिविधिकै रुपमा लिइन्छ । तापक्रम अझै बढ्दै जाने उहाँको भनाइ छ ।

यसैबीच, देशमा पश्चिमी वायु तथा स्थानीय वायुको प्रभाव र अरब सागरबाट भित्रिरहेको जलवाष्पयुक्त हावाको समेत आंशिक प्रभाव रहेको महाशाखाले जनाएको छ ।




आज पहाडी भूभागमा आंशिकदेखि साधारणतया बदली रही बाँकी भूभागमा मौसम मुख्यतया सफादेखि आंशिक बदली रहने छ ।

आइतवार दिउँसो कोशी प्रदेशलगायत गण्डकी र कर्णाली प्रदेशको पहाडी भूभागका एक-दुई ठाउँमा मेघगर्जन र चट्याङसहित हल्का वर्षा र हिमाली भूभागका एक-दुई ठाउँमा हल्का हिमपातको सम्भावना रहेको छ ।

मधेश र लुम्बिनी प्रदेशको तराईका केही ठाउँमा हावाहुरीको समेत सम्भावना छ। काठमाण्डौ उपत्यकामा हिजोजस्तै छिटपुट पानी पर्ने सम्भावना रहेको महाशाखाले जनाएको छ ।

**मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न:**
- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

**मनरा सिस्वा नगरपालिका, महोत्तरी**

**मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न:**
- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

**सोनमा गाउँपालिका, महोत्तरी**

**मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न:**
- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

**जलेश्वर नगरपालिका, महोत्तरी**

**मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न:**
- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

**महोत्तरी गाउँपालिका, महोत्तरी**

**हावाहुरीबाट जोगिने उपायहरु**
- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**मटिहानी नगरपालिका, महोत्तरी**

**हावाहुरी र आगलगीबाट बचौं**

सुख्खा र तातो मौसम चढे लगत्तै हावाहुरीको सम्भावना अधिक भएकोले जथाभावी आगो नबालौँ।

बालबालिकाहरुलाई सलाई, लाईटर वा धुँरको आगोबाट टाढा राखौँ।

फागुनदेखि बैशाखसम्म सुख्खा मौसम पश्चिमी वायु चल्दा सुख्खापनले आगो लाग्ने सम्भावना अधिक हुन्छ, आगो बालेर नछाडौँ।

घरको छाना, घर लगत्तै अधिक मात्रामा सुख्खा दाउरा नराखौं, दाउरा राखेपनि आगोबाट अधिक टाढा राखौँ।

माथिल्लो छतहरुमा राखिएको फूलको गमलाहरु हावाहुरीमा सुरक्षित राखौँ।

सवारी साधन चलाउने बेलामा हावाहुरी आउँदा रोकेर बसौँ।

**सम्सी गाउँपालिका, महोत्तरी**

**डढेलोबाट बचौं र बचाऔं ।**
- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्तीसमेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं।

**पीपरा गाउँपालिका, महोत्तरी**

# उपमेयरको आरोप निराधार छ : क्षीनपा मेयर यादव

**खबर दर्पण समाचारदाता**

**वैशाख २८ गते, जनकपुरधाम**
धनुषाको क्षीरेश्वरनाथ नगर पालिकाका मेयर सुखदेव यादवले नगरपालिकाका उपमेयर रचना माथेमाले आफूमाथि लगाएको सम्पूर्ण आरोपको खण्डन गरेका छन्। महेन्द्रनगरमा आइतबार पत्रकार सम्मेलन गर्दै मेयर यादव पालिकालाई सुन्दर बनाउन आफूले विकास निर्माणका कार्यहरुलाई व्यवस्थित तथा पारदर्शी रुपमा गरेको देखेपछि नेपाली कांग्रेसको उक्साहटमा उपमेयर माथेमाले पालिका चलाउन नदिएको दाबी गरे। उनले उपमेयर माथेमाले आफूमाथि विभिन्न आरोप लगाएर पञ्छिन खोजेको आरोपसमेत लगाए।

उपमेयर रचना माथेमा नेपाली कांग्रेसकी नेतृसमेत रहेकी भन्दै मेयर यादवले कांग्रेसको उक्साहटमा आएर आफूमाथि तथानाम आरोप लगाएर आफ्नो कामकाजबाट पञ्छिन खोजेको दाबी गरे। उपमेयर माथेमा प्रायः काठमाण्डुमै रहने गरेको भन्दै मेयर यादवले नगर पालिकाको कार्यालयमा एकदमै कम आउने गरेको बताए। उपमेयर माथेमा आफ्नो सेवासुविधा लिने गरे पनि जनताप्रतिको कर्तव्य निर्वाह नगरी अरुमाथि आरोप लगाएर पञ्छिन् गलत रहेको मेयर यादवले बताए। उनले न्यायिक समितिमा आफूले एक कर्मचारी पठाए पनि न्याय सम्पादनको काम गर्न अनिच्छुक देखिनु दुःखद रहेको बताए।

मेयर यादवले भने 'न्यायिक समितिको उजुरीको चाङ्ग छ, तर समितिको संयोजक उप प्रमुख बस्दैन, कर्मचारी मात्र के गर्छ ? कार्यालय तथा नियमित हुने गरेको बैठकमै नआएर जथाभावी रुपमा बाहिर गएर बोलेर रेडबुक नदिएको भन्नु बेतुकको कुरा रहेको उनले बताए।

मेयर यादवले राजनीतिक विवादकै कारण ढिलो गरी नगर सभा भएको र रेडबुक छाप्न समय लागेको भएपनि अहिले नगर कार्यपालिकाको बैठकमा आउने सबैले रेडबुक पाइसकेको दाबी गर्दै प्रष्ट पारे। सधैं काठमाण्डु बस्ने अनि तीन/तीन महिनामा कार्यालयमा आएर तलब, भत्ता र सेवासुविधा बुझ्ने उपमेयरले आफ्नो पदीय जिम्मेवारी अनुसार जनताको काम छोडेर पार्टीका उक्साहटमा पालिकाका राजनीतिक स्टन्ट गर्न खोजेको मेयर यादवको गुनासो गरे। सबैको सहमतिमै नगर सभाबाट चालु आर्थिक वर्षको लागि बजेट ल्याएको र आफुले उपमेयरको बजेट र योजनामा कुनै विभेद नगरेकोले मेयर र उपमेयर बीचमा योजना सम्बन्धि कुनै मतभेद नरहेको प्रस्ट्याए। निवर्तमान मेयर योगेन्द्र पँजियार ले आफ्नो कार्यकालमा अपार दर्शीता, अनियमितता र अराजकतापूर्वक हैकमवादी शैलीमा पालिकालाई भद्रगोल बनाएको मेयर यादवले आरोप लगाए। उनले आफू निर्वाचित भएपछि पालिकाको कार्यालयलाई व्यवस्थित गरेको, पारदर्शी पूर्वक विकास निर्माणको कामकारबाही थालेको र अनुशासन तथा लोकतान्त्रिक पद्धति अनुसार जनताको हक अधिकारलाई कायम गरेको दाबी समेत गरे।



आफू निर्वाचित भएर आएदेखिको गरेको विकास निर्माणको जनमुखी कार्य विपक्षी पार्टीलाई अपन भएकाले उप प्रमुखलाई उक्साएर तथानाम गर्न खोजेको उनले बताए। मेयर यादवले आफू आएदेखि स्थानीय, प्रदेश र संघ सरकारको करोडौँको विभिन्न विकासे योजनाहरु क्षीरेश्वरनाथ नगर विकासमा ल्याएर विकास निर्माणको कार्य भइरहेकोले बताए। मेयर यादवले आफूले कोल्ड स्टोर, कृषि, शिक्षा, सडक कालोपत्रे लगायतमा संघ सरकार बाट बजेट ल्याएर विकास निर्माणका कार्य गरिरहेको बताए। एक साता अघि उपमेयर माथेमाले कांग्रेसका नेताहरुको सहभागितामा पत्रकार सम्मेलन आयोजना गर्दै मेयर यादवमाथि विभिन्न आरोप लगाउँदै हैकमवादी शैलीमा पालिका चलाउन खोजेको आरोप लगाएकी थिइन्।


## सुरक्षितरुपमा वैदेशिक रोजगारमा जाऔं

- सीप सिकेर मात्र वैदेशिक रोजगारीमा जाऔं,
- आधिकारिक संस्थाबाट स्वास्थ्य परीक्षण र बीमा गराऔ,
- अनिवार्य रुपमा अभिमुखिकरण तालिम लिऔं,
- अनिवार्य रुपमा श्रम स्वीकृती लिऔं,
- कामदार भिसामा मात्र वैदेशिक रोजगारमा जाऔं,
- वैदेशिक रोजगारीमा जानुअघि घर-परिवारसँग सरसल्लाह गरौं,
- मानसिक रुपमा तयार होऔं र
- आफ्नो सबै कागजातको एकएक प्रति घर-परिवारलाई छोडौं।

**भंगहा नगरपालिका, महोत्तरी**



## सुरक्षितरुपमा वैदेशिक रोजगारमा जाऔं

- सीप सिकेर मात्र वैदेशिक रोजगारीमा जाऔं,
- आधिकारिक संस्थाबाट स्वास्थ्य परीक्षण र बीमा गराऔ,
- अनिवार्य रुपमा अभिमुखिकरण तालिम लिऔं,
- अनिवार्य रुपमा श्रम स्वीकृती लिऔं,
- कामदार भिसामा मात्र वैदेशिक रोजगारमा जाऔं,
- वैदेशिक रोजगारीमा जानुअघि घर-परिवारसँग सरसल्लाह गरौं,
- मानसिक रुपमा तयार होऔं र
- आफ्नो सबै कागजातको एकएक प्रति घर-परिवारलाई छोडौं।



**एकडारा गाउँपालिका, महोत्तरी**


नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## लिक्विडेटर कार्यालयको सूचना

कम्पनी ऐन २०६३ बमोजिम कम्पनी रजिष्ट्रार कार्यालय त्रिपुरेश्वरमा दर्ता भएको प्रा.लि.नं. २७३४८२/०७८/७९ कन्चन होल्डिङ प्रा.लि. को मिति २०८२।०१।१८ मा बसेको विषेश साधारण सभाले स्वेच्छिक रुपमा कम्पनी खारेजी (लिक्वीडेसन) गर्ने विशेष प्रस्ताव पारित गरिएको हुँदा यस कम्पनीमा कोही कसैको कुनै बाँकी बक्यौता वा लेनदेन आदि बाँकी भएमा वा खारेज नगर्नुपर्ने अन्य कुनै कारण भएमा तथ्ययुक्त आधार र सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफै वा प्रतिनिधि मार्फत हकदावी गर्न निम्नलिखित लिक्वीडेटरको कार्यालयमा सम्पर्क राख्न हुन सूचित गरिन्छ।

**लिक्विडेटर**
चित्र बहादुर बिष्ट (कुताल)
प्र.प्र.न. २१३


तपाईको शहर वर्दिवासमा
WebSurfer
Fiber Internet &Iptv
अरु भन्दा फरक
सबै भन्दा विस्वास्निय
सम्पर्क गर्नुहोस्।
044550565, 9801042026

# जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

Hot line number
९८५४०२१३९५, ९७४८४५७४९०

रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)

प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्वारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ।

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३दीको रोग प्रत्येक महिनाको पहिलो हप्ता

- २४ सै घण्टा नर्मल डेलिभरी, आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था।



खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर, धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,